नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
आश्विन/कार्तिक २०८१ (October 2024) वर्ष २७/अङ्क ३१०

## चाडबाडको समयमा के गर्ने ?

- पाष्टर बर्णबास श्रेष्ठ

नेपालमा रहेका सबै ख्रीष्टियानहरूको लागि, जब जब चाडबाड आउँछ सधैं यो प्रश्न उठ्ने गर्छ । हामीलाई आफन्तहरू साथी भाइहरूले खानको लागि बोलाउँदा हामी जान हुन्छ कि हुँदैन, गएर खाना खान हुन्छ कि हुँदैन, त्यस्तो समयमा हामीहरूले के गर्ने इत्यादि ।

हामीहरू सामाजिक प्राणी हौं । हामीहरूलाई ख्रीष्ट येशू प्रभुले अरूहरूलाई आफैलाई जस्तो प्रेम गर्न भन्नुभएको छ । हामी हाम्रा मानिसहरूकहाँ जान पनि हुन्छ, खाना खान पनि हुन्छ । तर केही वस्तुहरू छन् जुन खानको लागि हाम्रो धर्मशास्त्रले बन्देज गरेको छ । यो हामी हरेकले जान्नु आवश्यक छ । विषेश गरी मूर्तिलाई चढाइएको प्रसादको सम्बन्धमा ।

परिवारमा एक्लो विश्वासी वा विश्वासमा नयाँ भएकाहरूको लागि यो एक कठिन घडी हो । घर परिवारमा, आफन्तकहाँ दवाबको कारण, के कति खाने नखाने भन्ने ज्ञान नभएको कारण परिस्थिति  निकै सकस बन्छ । यो लेखमा हामी हाम्रो धर्मशास्त्रले के भन्दछ केही जानकारी गर्नेछौं ।

१ कोरिन्थी ८ को १ देखि १३ सम्म पढ्दा धेरै कुरा स्पष्ट हुन्छ । पद ४ ले भन्दछ, **"यसकारण मूर्तिहरूलाई चढाएका खानेकुरा खाने विषयमा चाहिँ हामी जान्दछौं, कि मूर्तिको कुनै अस्तित्व नै छैन, र एक परमेश्वरबाहेक अरू छैन ।"** यसै गरी पद ७ मा लेखिएको छः **"तर सबै मानिसमा त यो ज्ञान हुँदैन । कति मानिसहरूलाई मूर्तिपूजाको यति बानी बसेको हुन्छ, कि तिनीहरूले यस्तो भोजन खाँदा साँच्चै मूर्तिलाई चढाएको भनिठान्छन् र तिनीहरूको विवेक दुर्बल भएकोले अशुद्ध बन्छ ।"** यसर्थ मूर्तिलाई चढाइएको खानेकुरा खाँदा विवेकले दोष्याउने साथै बाइबलले पनि निषेध गरिएको कारण नखाएकै ठीक हो ।  खानेले शुद्ध विवेकले खाएको भएता पनि देख्ने र सुन्नेको लागि बाधाको कारण हुन सक्छ । १ कोरिन्थी ८ को पद ९, १० र ११ ले यसरी भन्दछः **तर होशियार गर, तिमीहरूको यो स्वतन्त्रता दुर्बलहरूका निम्ति ठोकरको कारण नबनोस् । यदि कुनै दुर्बल विवेक भएको मानिसले तिमी ज्ञान भएको मानिसलाई मूर्तिको मन्दिरमा खान बसेको देख्यो भने, मूर्तिलाई चढाएको खानेकुरा खाने त्यसले साहस नगर्ला र ? अनि तिम्रो ज्ञानले गर्दा त्यो दुर्बल भाइ नष्ट हुन्छ, जसको निम्ति ख्रीष्ट मर्नुभयो** । पद १३ ले भन्दछः **यसकारण यदि खानेकुरा मेरो भाइकै पतनको कारण बन्छ भने म कहिले पनि मासु खानेछैनँ, नत्रता मैले मेरो भाइको पतन गराउनेछु ।**

खाना खाँदैमा विश्वासमा बलियो र नखाँदैमा विश्वासमा कमजोर हुने कुरा पनि होइन । यसमा कुनै लाभ र हानिको कुरा छैन । **तर खानेकुराले हामीलाई परमेश्वरको दृष्टिमा बढी ग्रहणयोग्य बनाउँदन । नखाँदैमा कुनै हानि छैन र खाँदैमा कुनै लाभ छैन** (पद ८) ।

रोमीको १४ अध्यायको १७ पदले भन्दछ, **किनभने परमेश्वरको राज्य भनेको खानु र पिउनु होइन, तर पवित्र आत्मामा धार्मिकता, शान्ति र आनन्द हो ।**

हामी इसाईहरूलाई मूर्ति बनाउन र सो सम्बन्ध रहने कुरालाई बाइबलले प्रतिबन्ध लगाएको छ । प्रस्थान २० को ४ मा लेखिएको छ, **"आफ्ना निम्ति खापेर कुनै किसिमको मूर्ति नबनाउनू, माथि आकाश अथवा तल पृथ्वी वा तल पानीमा भएको कुनै कुराको आकारको प्रतिमूर्ति नबनाउनू ।** त्यसैगरी व्यवस्था ४ को १६ र १७ मा पनि लेखिएको छ, **सावधान बस र नत्रता तिमीहरूले आफ्ना निम्ति एउटा मूर्ति बनाउनेछौ, र कुनै नर वा नारीको प्रतिमा, अथवा पृथ्वीको कुनै पशुको वा आकाशमा उड्ने कुनै पक्षीको, जमीनमाथि घस्रने कुनै जीवातको वा तल पानीमा हुने कुनै माछाको प्रतिमा बनाएर तिमीहरू भ्रष्ट हुनेछौ । आकाशमा परमप्रभु तिमीहरूका परमेश्वरले सारा मानिस जातिलाई दिनुभएको घाम, जून, तारा, सारा ग्रह, नक्षत्र देख्दा ती प्रति आकृष्ट भएर तिमीहरूले तिनीहरूको पूजा र सेवा नगर** । त्यसै गरी ४ को २३ मा पनि यसो भनिएको छ, **"सावधान रहो र परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूसित गर्नुभएको करार नभुल, र उहाँले निषेध गर्नुभएको कुनै कुराको प्रतिमा तिमीहरूले नबनाओ ।"**

कुनै मानिसले, छिमेकीले वा आफन्तले खाना खान बोलाएमा के गर्ने ? पहिलो कुरो वाद विवाद नगर्ने नम्रतामा प्रस्तुत हुने । सबैको कुरा सुन्ने ।  कर गरेमा "मेरो धर्मशास्त्रले अनुमति दिँदैन, मेरो मनमा पनि शान्ति पनि हुँदैन । त्यसैले मलाइ माफ गर्नोस भनेर हात जोड्ने । गाली गरेमा वा

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती |
|---|---|---|---|---|---|---|---|
| **आश्विन २६ गते** October 12 | पाष्टर सिमोन पाठक | श्रीमती माया तामाङ्ग | एल्डर बागमान तामाङ्ग | संयुक्त सेवा सिर्जनानगर चर्च | श्री सुचन तामाङ्ग | एल्डर शारोन रोंगोंग | शरद सम्मेलन |
| **कार्तिक ३ गते** October 19 | श्री विष्णु देउला | एल्डर वीर ब. के.सी. | पाष्टर अशोक मुखिया | डीकन राम ब. तामाङ्ग | श्री विजय तामाङ्ग | पाष्टर घनश्याम दाहाल | एल्डर श्रीलक्ष्मी सैंजु |
| **कार्तिक १० गते** October 26 | पाष्टर घनश्याम दाहाल | डीकन कान्छा श्रेष्ठ | एल्डर हरि भण्डारी | एल्डर सिद्धि खालिङ | पाष्टर अशोक मुखिया | श्री सैदिप तामाङ्ग | डीकन सिमोन भण्डारी |
| **कार्तिक १७ गते** November 2 | पाष्टर अशोक मुखिया | श्री सुचन तामाङ्ग | डीकनेस् शिला राई | डीकन भूपाल तामाङ्ग | श्रीमती निशा तामाङ्ग | पाष्टर दफ्तन सादा | पाष्टर रूबेन श्रेष्ठ |

### नेइम जोरपाटी चर्च

| मिति | डाँछी | बैंसीगाउँ | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | कपन | फलेडाँडा (शुक्रबार) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **आश्विन २६ गते** October 12 | पाष्टर प्रेम श्रेष्ठ | एल्डर लाक्पा लामा | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | श्री प्रेम गुरूङ्ग | एल्डर सागर थापा | एल्डर राज गुरूङ्ग | डीकन अमृत लामा | एल्डर गोपी राई | डीकन पवन सुनुवार |
| **कार्तिक ३ गते** October 19 | अतिथी वक्ता | प्रो राजेन्द्र घरोसैनी | एल्डर गोपी राई | डीकनेस् राममाया नगरकोटी | एल्डर कृष्ण तामाङ्ग | डीकन कृष्ण श्रेष्ठ | डीकन उमेश मगर | श्रीमती देवकी लामा | एल्डर जमान घ्लान | एल्डर जमान घ्लान |
| **कार्तिक १० गते** October 26 | पाष्टर प्रेम श्रेष्ठ | एल्डर सागर थापा | एल्डर लाक्पा लामा | एल्डर राज गुरूङ्ग | डीकन उमेश मगर | एल्डर दानियलसापकोटा | एल्डर जमान घ्लान | डीकन गोपाल नगरकोटी | एल्डर कृष्ण तामाङ्ग | श्री गोविन्द नगरकोटी |
| **कार्तिक १७ गते** November 2 | एल्डर पेशल राई | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर कृष्ण तामाङ्ग | एल्डर सागर थापा | एल्डर राज गुरूङ्ग | डीकन अमृत लामा | डीकन अशोक श्रेष्ठ | एल्डर राज गुरूङ्ग |

विरोध आएमा सहने । यदि परिस्थिति सम्हाल्न नसक्ने भएमा त्यस किसिमको घरमा नजान पनि राम्रो हुन्छ ।

धर्मको कुरा गरेर वाद विवाद नगर्ने, अरूको धर्मलाई होच्याउने काम नगर्ने, केही खानेकुरा दिएमा केही नसोधि खाने, तर प्रसाद भनेर दिएमा विवेकको खातिर र अरूको खातिर नखाने । १ कोरिन्थी १० को २७ र २८ मा लेखिएको छ, **कुनै एक अविश्वासीले तिमीहरूलाई भोजमा निम्तो दिँदा तिमीलाई जाने इच्छा भयो भने तिम्रो अगाडि जे राखिदिएको हुन्छ, विवेकको खातिर केही सोधपूछ नगरी खाओ । तर कोही मासिनले तिमीलाई 'यो त बलिमा चढाएको हो' भन्यो भने, बताइदिनेको खातिर र विवेको खातिर, त्यो नखाओ ।**

बाइवलले हामीलाई यो पनि सिकाउँदछ कि हामीहरूले जे गर्दछौं परमेश्वरको महिमा हुने काम गर्नुपर्ने हुन्छ । हामीहरूले आफ्नो भलाइ मात्र खोजेर अरूहरूलाई बाधा पार्ने, चोट पार्ने काम गर्नु हुँदैन । धर्मशास्त्रमा यो पनि लेखिएको छ, १ कोरिन्थी १०:३१ देखि ३३ सम्म **यसकारण चाहे तिमीहरू खाओ, अथवा पिओ, वा तिमीहरू जेसुकै गर, सबै परमेश्वरका महिमाको निम्ति गर । कसैलाई ठेस लाग्ने काम नगर, चाहे यहूदीलाई होस्, वा ग्रीकलाई होस्, वा परमेश्वरको मण्डलीलाई होस् । जसरी म पनि मैले गर्ने सबै काममा सबै मानिसहरूलाई प्रसन्न राख्ने कोसिस गर्दछु, म आफ्नै होइन, तर धेरैको हित खोज्दछु, ताकि तिनीहरूको उद्धार होस् ।**

हामीहरूलाई कति कुरा ठीक लाग्ला तर अरूलाई खुशी पार्नको लागि हामीहरूले सम्झौता गरिहाल्नु हुँदैन । धर्मशास्त्रको पालना हामी इसाईहरूको लागि अति महत्त्वपूर्ण छ । १ कोरिन्थी १०:२३ ले भन्दछ, **"सबै कुरा न्यायसंगत छन्", तर सबै कुरा फाइदाका छैनन् । "सबै कुरा न्यायसंगत छन्", तर सबै कुराले सुधार गर्दैनन् । कसैले पनि आफ्नो भलाइ नखोजोस्, तर आफ्नो छिमेकीको भलाइ खोजोस् ।**

प्रस्थान ३४:१५ **"होशियार, त्यस देशका बासिन्दाहरूसित तिमीहरूले सन्धि नगर्नू, नत्र उनीहरू ... आफ्ना देवताहरूका लागि बलि गर्दा, उनीहरूले तिमीहरूलाई बोलाउनेछन् र तिमीहरूले उनीहरूका बलिदानहरू खानेछौ ।**

हामी हाम्रा आफन्तहरूलाई प्रेम गरौं, छिमेकीहरूको भलाइ पनि खोजौं र साथ साथै होसियार पनि बनौं ।

## अक्टोबर महिनाको कार्यक्रम

आश्विन/कार्तिक महिनामा **नेइम युवा शिविर** आ-आफ्नो मिति, स्थान र समयमा ।

आश्विन २५-२६ गते/अक्टोबर ११-१२ तारिख शुक्रबार-शनिबार **शरद सम्मेलन** आ-आफ्नै समय र मण्डलीमा ।

कार्तिक १ गते/अक्टोबर १७ तारिख बिहीबार बिहान १०:०० बजे **महिला उपवास प्रार्थना** आ- आफ्नै मण्डलीमा ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | गुरूजुधारा | भैंसेपाटी | गोदावरी | गोंगबूँ | बानियाटार | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|
| आश्विन २६ गते<br>October 12 | एल्डर<br>बाबुराम के.सी. | श्री<br>जीवन खालिङ | एल्डर<br>यमदेवी पोखेल | एल्डर<br>पिटर लिम्बू | श्री<br>प्रेम गुरूङ्ग | डीकन<br>अनिल आले | एल्डर<br>बेन्जामिन तामाङ्ग |
| कार्तिक ३ गते<br>October 19 | डीकनेस्<br>शान्ता मगर | पाष्टर<br>शरण राई | डीकन<br>कृष्ण नगरकोटी | श्री<br>कुमार सेन्चुरी | एल्डर<br>पिटर लिम्बू | डीकन<br>मत्ती सिराल | डीकन<br>बल ब. राई |
| कार्तिक १० गते<br>October 26 | डीकन<br>श्रीराम सुर्खेती | डीकन<br>अनिल चौधरी | एल्डर<br>भुवन देवकोटा | पाष्टर<br>बर्णबास श्रेष्ठ | एल्डर<br>राजु श्रेष्ठ | एल्डर<br>बि.एन. पण्डित | एल्डर<br>जोरविर राई |
| कार्तिक १७ गते<br>November 2 | एल्डर<br>नभराज के.सी. | पाष्टर<br>शरण राई | श्री<br>सिमोन लामा | पाष्टर<br>कर्ण तामाङ्ग | पाष्टर<br>बर्णबास श्रेष्ठ | एल्डर<br>बेन्जामिन तामाङ्ग | एल्डर<br>छोदेन कार्थक |

## हार्दिक बधाई



भाद्र ९ गते/अगष्ट २५ तारिख, आइतबार नेइम जोरपाटी साँखु चर्चका सदस्य श्री मनोज तामाङ्ग र नेइम जोरपाटी सुन्दरीजल चर्चका सदस्य सुश्री गौरी तामाङ्ग इन्द्रायणी ब्यांक्व्यटको प्रागनमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट तहार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



भाद्र २६ गते/सेप्टेम्बर ११ तारिख, बुधबार नेइम ज्ञानेश्वर चर्चका सदस्यहरू श्री दानियल श्रेष्ठ र सुश्री सृष्टि लिम्बू नेइम ज्ञानेश्वर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट तहार्दिक बधाई एवं शुभकामना



भाद्र २८ गते/सेप्टेम्बर १३ तारिख, शुक्रबार नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री सुदिप राई र इलोहिम खीष्टिय चर्च, चापागाउँको सदस्य सुश्री मेनुका लामाको इलोहिम खीष्टिय चर्च, चापागाउँमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट तहार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## जानकारी

असोज ४ गते/सेप्टेम्बर २० तारिख शुक्रबार नेइम जोरपाटी कपन चर्चमा १ जना विश्वासीको समर्पण भयो ।

असोज १२ गते/सेप्टेम्बर २८ तारिख शनिबार नेइम ज्ञानेश्वर चर्चमा ६ जना अगुवाहरू श्री कटक बन, श्री शम्भू दंगाल, श्री गोविन्द महर्जनलाई डीकनमा, श्रीमती विष्णु माया गुरूङ्ग, श्रीमती सावित्री सुनुवार र श्रीमती शोभा ढकाललाई डीकनेस्मा नियुक्त गरियो ।



धुम्बाराही बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री श्याम भण्डारी ५५ वर्षको उमेरमा भाद्र २३ गते गते/सेप्टेम्बर ८ तारिख सोमबारका दिन प्रभुमा सुत्नुभयो ।



कपन बस्नुहुने नेइम जोरपाटी कपन चर्चको सदस्य श्रीमती लक्ष्मी गुरूङ्ग राई ५७ वर्षको उमेरमा आश्विन ७ गते/सेप्टेम्बर २३ तारिख सोमबारका दिन प्रभुमा सुत्नुभयो ।

## विषेश प्रार्थना

१. देशको आर्थिक, सामाजिक, भौतिक साथै अन्य सबै क्षेत्रहरूमा उन्नति, प्रगति, सुधार आएको होस् भनी प्रार्थना गरिदिऔं ।

२. डुबान, बाढी-पहिरोको कारण विस्थापित भएका परिवारहरूका चाँडोभन्दा चाँडो पुनर्स्थापनको लागि प्रार्थना गरिदिऔं । प्रत्येकलाई परमप्रभु परमेश्वरले नै सम्हालिराख्नुभएको होस् ।

३. असोज/कार्तिक (अक्टोबर/नोभेम्बर) महिनामा देशका विभिन्न मण्डलीहरूमा हुने सेवा सम्मेलनहरूको लागि प्रार्थना गरिदिऔं ।

४. असोज/कार्तिक (अक्टोबर/नोभेम्बर) महिनामा देशका विभिन्न मण्डलीहरूमा हुने सेवा सम्मेलनहरूको लागि यात्रा गर्नुहुनेहरूको सुरक्षाको निम्ति प्रार्थना गरिदिऔं ।

५. असोज/कार्तिक (अक्टोबर/नोभेम्बर) महिनामा हुन लागेका युवा शिविरमा सहभागी सबै जवानहरूको परमेश्वरसँग जम्का भेट हुन सकून् ताकि बन्धनमा परेकाहरूको जीवनमा छुट्कारा आएको होस् र प्रत्येक जवानहरूको जीवनमा जागृति आएको होस् ।

६. चाड पर्वको समयमा पानीको बप्तिस्मा लिनुभएकाहरू, प्रभुलाई ग्रहण गर्नुभएकाहरू साथै अधुरा परिवारमा हुनुभएका विश्वासीहरू सबै अप्ठ्यारो परिस्थितिमा स्थिर रहन पवित्र आत्माको सहायता मागिदिऔं ।

७. प्रत्येक विश्वासीहरूले मानिसलाई खुशी पार्न, मानिसहरूको करकापमा र दवाबमा परेर संसारसँग सम्झौता नगरेको होस् जस्तो सुकै अवस्थामा पनि प्रभुमा स्थिर र अटल रहेर परमेश्वरको महिमा गरिरहन सकेको होस् ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | २० 6<br>मण्डलीलाई अगुवाइ गरिरहनु-भएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि बढाउन सकून् ।<br>फिलिप्पी २:१-५ | २७ 13<br>अगुवाको स्थानमा रहनुभएकाहरू उदाहरण भएर परमेश्वरको प्रेममा उहाँको बगाललाई हेरचाह गर्न र परमेश्वरमा डोऱ्याउन सकून् ।<br>१ पत्रुस ५:१-४ | ४ 20<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वासयोग्यताका साथ सधैं हेरचाह गरिरहन सकून् ।<br>भजनसंग्रह ७८:७०-७२ | ११ 27<br>नेपाल देशका मानिसहरूले प्रभु येशू खीष्ट सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जान्न सकून् र विश्वास गर्न सकून् ।<br>यशैया ४५:२०-२५ |
| **सोमबार**<br>Monday | २१ 7<br>हामी कोही पनि संसारसँग एकै चालको भएर दोहोरो जीवन जिउनेहरू नहोऔं ।<br>रोमी १२:२ | २८ 14<br>हामी परमेश्वरका छोराछोरीहरू सधैं दूधे बालकझैं नहोऔं तर बढेका छोराछोरी भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं ।<br>हिब्रू ५:११-१४ | ५ 21<br>प्रभुले मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनको निम्ति सबैजना लागिपर्न सकौं ।<br>प्रेरित ११:२१-२६, तीतस २:११-१४ | १२ 28<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाईबाट दशांश साथै अन्य भेटी चढाउने काममा सधैं इमान्दार भइरहन सकौं ।<br>२ कोरिन्थी ९:६-८ |
| **मंगलबार**<br>Tuesday | २२ 8<br>आश्विन/कार्तिक (अक्टोबर/नोभेम्बर) महिनामा हुने सेवा संगतिको लागि प्रार्थना गरिदिऔं ।<br>२ तिमोथी ३:१६, ४:१-५ | २९ 15<br>आत्मिकी सेवाद्वारा मण्डलीमा जागृति, चंगाई, छुट्कारा आत्माको नविकरण, ताजापन, उत्साह, चिन्ह र आश्चर्यकर्म देख्न सकौं ।<br>यशैया ३५:३-७ | ६ 22<br>प्रतिज्ञा गरिएको आशिष् प्राप्त गर्नको लागि विश्वासको पाइला अघि बढाउँदै जान सकौं ।<br>यहोशू १:२-९ | १३ 29<br>मण्डलीका सबै दम्पत्तिहरूको पारिवारिक जीवन एकअर्का र मण्डलीको लागि आशिषमय बन्न सकून् ।<br>गन्ती ६:२४-२६ |
| **बुधबार**<br>Wednesday | २३ 9<br>सबै घरेलु संगतिहरूमा वचनबाट सिक्दै सिकाउँदै साथै एकअर्कालाई सहयोग र उत्साह दिँदै एकआपसको घनिष्ठता सबै विश्वासीहरूमा अझ बढेर गएको होस् ।<br>एफिसी ४:११-१६ | ३० 16<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी र गवाही भएर जिउन सकून् ।<br>तीतस ३:१-८ | ७ 23<br>येशू प्रभुलाई विश्वास गर्नेहरू केवल विश्वासीहरू मात्र होइन तर खीष्टको साक्षी भएर जिउन सकून् ।<br>मत्ती ५:१६ | १४ 30<br>मण्डलीका सबै विश्वासीहरू परमेश्वरको इच्छाअनुसार जिउनको लागि पवित्र आत्माको सहायता मागिदिऔं ।<br>मत्ती ६:१०, एफिसी ५:१५-२१ |
| **बिहीबार**<br>Thursday | २४ 10<br>मण्डलीका सबै बालबालिकाहरूले सानै उमेरदेखि प्रभुको आवाजलाई सुनेर भविष्यमा परमेश्वरकै महिमाको लागि तयार हुन सकून् ।<br>१ शमूएल ३:१-१० | १ मंसीर 17<br>देशलाई अस्वस्थ, कमजोर बनाउने, गरीबीतिर धकेल्ने भ्रष्टाचार, घूसखोरी, चेलीबेटी बेचबिखन, देह व्यापार, लागु पदार्थको अवैध धन्दा अन्धकारका कामको विरुद्धमा प्रार्थना गरौं ।<br>मत्ती १८:१८ | ८ 24<br>मण्डली साँचो आराधना गर्नेहरू भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकून् ।<br>यूहन्ना ४:२३-२४ | १५ 31<br>प्रत्येक परिवारमा प्रभुलाई पाहुना होइन तर सधैं प्रभु मानेर आदर गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह १२८:१-४ |
| **शुक्रबार**<br>Friday | २५ 11<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरूद्वारा मण्डली अझै आत्मिकी रूपमा बढ्दै जान सकून् ।<br>प्रेरित २:४२-४७ | २ 18<br>विभिन्न विचार लिएर मण्डलीमा पहिलो पल्ट आउनुहुने प्रत्येक जो-कोही पनि परमेश्वरको वचनद्वारा परिवर्तन भएको होस् ।<br>इजकिएल ११:१९-२० | ९ 25<br>येशू प्रभुलाई विश्वास गर्नेहरू केवल विश्वासीहरू मात्र होइन तर खीष्टको चेला भएर जिउन सकून् ।<br>कलस्सी १:२८ | १६ November 1<br>आराधना सेवामा सबैजना आराधना गर्न वचन सुन्न र आज्ञाकारी हुन हृदयको तयारीको साथ आउन सकून् ।<br>भजनसंग्रह ११९:१६२-१७५ |
| **शनिबार**<br>Saturday | २६ 12<br>मण्डलीका विश्वासीहरू रीतिविधिमा जिउनेहरू, धर्मकर्म गर्नेहरू साथै मन तातो भएर जिउनेहरू कोही पनि नहोऊन् ।<br>प्रकाश ३:१५-१६ | ३ 19<br>विभिन्न देशहरूमा काम, पढाइ तथा अन्य कारणले जानुभएकाहरूको लागि सुरक्षा र सबै कुराहरूमा परमेश्वरको आशिष मागिदिऔं ।<br>भजनसंग्रह १२१:१-८ | १० 26<br>सरकारी, इसाई संघ-संस्थाहरूमा सेवकाइ गरिराख्नुभएका साथै विभिन्न व्यापार, व्यवसाय गर्नेहरू आफ्नो कामप्रति इमान्दार हुन सकून् ।<br>हितोपदेश ११:१ | १७ 2<br>आफूले पाएको विभिन्न वरदानहरू मण्डली निर्माणको लागि प्रेम, विश्वास र नम्रतामा सबै परमेश्वरको महिमाको निम्ति चलाउन सकून् ।<br>१ कोरिन्थी १३:१-३ |

**परमप्रभु यसो भन्नुहुन्छः "निगाहको समयमा म तँलाई जवाफ दिनेछु, र उद्धारको दिनमा तँलाई म सहायता दिनेछु । देश पुनर्स्थापित गर्न र त्यसको नष्ट भएका जायजातहरू फेरि अधिकारको निम्ति दिन म तँलाई जोगाइराख्छु र मानिसहरूका निम्ति तँलाई करार बनाउँछ, कैदीहरूलाई 'निस्केर आओ', र अन्धकारमा हुनेहरूलाई 'मुक्त होओ' भन्न । तिनीहरूले बाटोको छेउमा खानेछन्, र सबै रूखा डाँडाहरूमा तिनीहरूले खर्क पाउनेछन् । तिनीहरू नता भोकाउनेछन्, न तिर्खानेछन्, न मरुभूमि वा सूर्यको रापले तिनीहरूलाई पोल्नेछ, किनकि तिनीहरूमाथि कृपा गर्नेले तिनीहरूलाई डोऱ्याउनेछ रपानीको धारानेर तिनीहरूलाई अगुवाइ गर्नेछ ।"**

**यशैया ४९:८-१०**